




# सैतान वा दुष्ट आत्माको चलखेलको पर्दाफास

जुन ८, २०२४को निम्ति अध्याय १०



""परमप्रभु स्वयं स्वर्गबाट आउनु हुनेछ। त्यसबेला एउटा ठुलो आवाजमा आदेश सुनिनेछ। आदेश प्रधान स्वर्गदूतको स्वरमा र परमेश्वरको तुरहीको स्वरमा हुनेछ। अनि अघि ख्रीष्टमा जो मरेकाछन्, पहिला उठ्ने छन्। त्यसपछि त्यतिञ्जेल सम्म जीवित रहेका हामीहरूलाई भेला गर्नु हुनेछ। हामी बादलमा लगिनेछौं र प्रभुलाई हावामा भेट्ने छौं। अनि हामी सदाकाल प्रभुसितै रहनेछौं।" १ थेस्सोलिनिकी ४:१६,१७।


हामीलाई सैतानले बोलेको पहिलो झुट नै "तिमी कहिल्यै मर्नेछैनौ (उत्पत्ति ३:४)। आज कतिपय मानिसहरूले त्यस झुट नै सत्य हो भनेर विश्वास गर्दछन्।





**यस संसारमा जन्मेका सारा मानव प्राणीले त्यस झुटलाई विश्वास गरेका थिए र गरिनै रहेको छ। हाम्रो आत्मा अमर छ रे, हामी मरेपछि कुनै न कुनै तरिकाले हाम्रो आत्मा, हंस वा चेतनाको भाग जीवितै भइरहन्छ रे!**

तर बाइबलले त्यसको बिपरित स्पष्ट र जिकिर गर्दछ: "जो मानिसले पापहरू गर्दछन् त्यो मानिस मर्नेछ" (इजिकिएल १८:२०)। सारा विश्वब्रमाण्डमा भइरहेको महासंग्राम वा द्वन्द्व नै यही विषयमा केन्द्रित भएको छ: हामीले कसलाई विश्वास गर्ने, सैतानलाई कि परमेश्वरलाई?



- परमेश्वरविहिन अध्यात्मवाद र मृत्यु:
  - अमर आत्मा।
  - पुरानो करारमा मृत्यु
  - नयाँ करारमा मृत्यु
- अन्तिम युगमा अध्यात्मवाद:
  - चिन्ह र अलौकिक कामहरू।
  - अध्यात्मवादको लक्ष्य।

# तन्त्रमन्त्रले सजिएको अध्यात्मवाद र मृत्यु



# अमर आत्मा

""बादल विलिन भएर गए जस्तै मानिस मर्छ अनि चिहानभित्र गाडिन्छ अनि उ फेरि फर्की आउँदैन।" अय्यूब ७:९।



मानव जीवनको दुईवटा स्वभाव छन् भनेर प्रायजसो मानिसहरूले विश्वास गर्छन्: शरीर र आत्मा वा हंस वा प्राण। ती दुई भागहरू स्वतन्त्र रूपमा जिउँछन् भनेर मानिसहरूले विश्वास गर्छन्।




तर बाइबलले हामी तीन वटा भागहरूले बनिएकाछौं भनेर सिकाउँदछ: शरीर, आत्मा र प्राण (१ थेस्सोलिनिकी ५:२३)। ती तीन भागहरू एक आपसमा निर्भर हुन्छन् भनेर बाइबलले सिकाउँछ। उत्पत्ति २:७ले हामीलाई यो बताउँछ कि परमेश्वरले शरीर वा माटोबाट मानव मूर्ति बनाउनुभयो। अनि उहाँले उसको नाकमा सास फेर्नुभयो र त्यो मानिस जीवित प्राणी भयो। हिब्रू भाषामा त्यसलाई प्राण वा आत्मा भनिन्छ-नेफेश nefesh.

प्राण वा हंस भनेको शरीर र आत्मा वा परमेश्वरको सास मिलेर बनिन्छ। हामीभित्र आत्मा वा प्राण छैन, हामी प्राण हौं।

जब हामीबाट जीवनको सास फुट्किन्छ तब हाम्रो अस्तित्व हुँदैन। मरेपछि हाम्रो कुनै भाग पनि चेतन अवस्थामा हुँदैन। शरीर मर्दछ, सास वा आत्मा अर्थात् हामी बाँचिरहने उर्जा त्यो दिने परमेश्वरकहाँ नै फर्किन्छ। अनि शरीर र आत्मा वा सासको उपज प्राण वा हंसको अस्तित्व समाप्त हुन्छ (उपदेशक १२:१-७; इजकिएल १८:२०; अय्यूब ७:७-९)।

# अमर प्राण

" बादल विलिन भएर गए जस्तै मानिस मर्छ अनि चिहानभित्र गाडिन्छ अनि उ फेरि फर्की आउँदैन।" अय्यूब ७:९।





**यस संसारमा पापको प्रवेशपछि मरेकाहरूसँगसम्बाद गर्न चाहना भएका मानिसहरूलाई सैतानले प्रयोग गरीरहेको छ। मरेकाहरूबाट वर्तमान र भविष्यको बारेमा विशेष जानकारी दिने ज्ञानलाई सैतानले प्रयोग गरिरहेको छ।**

**ती मानिसहरू जसले टुनामुना गर्छन्, जादुगर, झाँक्री काम गर्छन् र जोखना हेर्ने ज्योतिषीहरूलाई लोकमा तन्त्रमन्त्र गर्ने वा अध्यात्मवादीहरू भनेर चिनिन्छन्।**



तर ती कुनै पनि क्रियाकलाप गर्ने चाहे संस्कारकै नाउँमा किन नहून् त्यो परमेश्वरको निम्ति घृणास्पद छ भनेर बाइबलले सिकाउँछ (व्यवस्था १८:१०-१२)। त्यसलाई अपराधमा गनिन्छ र त्यसलाई मृत्यु दण्ड दिइन्थ्यो (लेबी २०:२७)।

**" टुनामुना गर्ने, भूतप्रेत जगाउने, देवता वा मरेकाहरू जगाउने वा आत्मा जगाउने मानिसहरूसँग सल्लाह माग, तिनीहरूले तन्त्रमन्त्र गरेर गर्छन् भनेर तिनीहरूकहाँ जानु भन्यो भने के मानिसहरूले परमेश्वरसँग प्रार्थना गर्नुपर्दैन र वा उहाँसँग सोध्नुहुँदैन र? जिउँदाहरूका बिचमा मरेकाहरूसँग किन सल्लाह माग्ने? जे आदेश चाहिन्छ परमेश्वरसँग माग। यो चेतावनी दिएको छ भनेर याद राख: यदि कसैले परमेश्वरको वचनसम्मत बोल्दैन भने उसमा बिहानको मिर्मिरे उज्यालो पनि हुँदैन।" यशैया ८:१९-२० रूपान्तरित।**

# पुरानो करारमा मृत्यु

"मरेका मानिसहरूले परमप्रभुको प्रशंसा गर्दैनन्। चिहान भित्र भएका मानिसहरूले परमप्रभुको प्रशंसा गर्दैनन्। " भजन ११५:१७।



अन्त्येष्टीका समयमा कसैले "हाम्रो आफन्त सिधै स्वर्गमा जानुभयो वा नर्कमा जानुभयो" र खराबहरू प्रेत भएर घुमीरहेको छ भनेर कसैले भन्दैन तर जनमानसको धारणामा मरेकाहरूको बारेमा के सिकाउँदछ?

| | |
|---|---|
| के हामी मरेपछि परमेश्वरको स्तुति गर्न सक्छौँ र? | भजन ११५:१७ |
| के मरेकाहरूले तिनीहरूका साथी र परिवारलाई के हुन्छ थाहा हुन्छ र? | अय्यूब १४:२१ |
| के मरेकाहरूले जीउँदाहरूसँग अन्तर्क्रिया गर्न सक्छन् र? | उपदेशक ९:६ |
| के हामी मरेपछि पनि निरन्तररूपमा सोचीरहन सक्छौँ र? | उपदेशक ९:५ |
| मरेपछि के हामीले हाम्रो कुनै क्रियाकलाप जारी राख्न सक्छौँ र? | उपदेशक ९:१० |

मृत्यु भनेको निन्द्रा वा सपना जस्तै हो भनेर पुरानो करारले सिकाउँदछ। जब हामीलाई जीवन दिन परमेश्वरले बोलाउनुहुन्छ त्यसबेलासम्म हामी सुतिरहेका हुन्छौँ (१ राजा २:१०; १४:२० र दानिएल १२:१३)।





# नयाँ करारमा मृत्यु

"उहाँले ती कुरा गर्नुभएपछि येशूले तिनीहरूलाई भन्नुभयो, "हाम्रो साथी लाजरस सुतेका छन्। उनलाई उठाउन म जाँदैछु।"
यूहन्ना ११:११।

नयाँ करारले पनि पुरानो करार जस्तै मर्नु सपना जस्तै हो वा सुत्नु हो, केवले येशूले मात्र हामीलाई उठाउन सक्नहुन्छ (यूहन्ना ११:११-१४; यूहन्ना ५:२८-२९)।



थेस्सोलोनिकीहरूलाई पत्र लेख्दा पावलले सुतेकाहरूको बारेमा उल्लेख गरेका थिए। तिनीहरू मरिसकेका थिए। येशूको दोस्रो आगमनमा तिनीहरूको पुनरुत्थान हुनेछ भनेर उनले बताएका थिए (१ थेस्सोलिनिकी ४:१३-१८)। यदि येशूमा मरेकाहरू सिधै उहाँकहाँ जान्छ वा स्वर्गमा जान्छ भनेर उनले त्यही कुरा बताउने थिए।




मरेकाहरूको बारेमा चर्चा गर्दै पावलले भनेका थिएकि येशूको आगमनमा तिनीहरूलाई जीवित पार्नेछ तर उहाँको आगमनभन्दा पहिले होइन। हामी सबै सुत्नेछैनौँ भनेर पनि उनले भनेका थिए। आँखाको निमेषमा जिउँदाहरू परिवर्तन हुनेछ र मरेकाहरू पनि परिवर्तन भएर बौरिउठ्नेछन् (१ कोरन्थी १५:५१-५२)।

येशू ख्रीष्टसँग हुनु भनेकै मूख्य विषय हो पुनरुत्थान (१ कोरन्थी १५:१३-१८)। हामीले पाउने स्वर्गको सम्पत्ति पुनरुत्थान भएपछि पाउनेछौँ। त्यस क्षणको निम्ति हामी पर्खिनै पर्छ (१ पत्रुस १:३-५)।

# अन्तिम युगमा तन्त्रमन्त्र अध्यात्मवाद



# चिन्ह र अलौकिक कामहरू

झूटो ख्रीष्ट मसीहहरू र झुटो भविष्यवक्ता वा अगमवक्ताहरू आउनेछन् अनि परमेश्वरले चुनेका मानिसहरूलाई धोका दिनु सभव भए चिन्हहरू र चमत्कारहरू गर्नेछन।" मर्कूस १३:२२।




सनातन परमेश्वर सम्मत नभएको आध्यात्मक वाद वा तन्त्रमन्त्र गर्ने चर्तिकला सिधै सैतानको चलखेल हो। मानिस मरेपछि पनि अमर हुन्छ भनेर सिकाउने जग यही हो। मरेकाहरूसँग सम्पर्क राख्न सक्छ र तिनीहरूबाट अलौकिक शक्ति पाएका छन् भनेर सैतानका अनुयायीहरूले विश्वास गर्छन्।

अहिले तिनीहरू शक्ति परमेश्वरले सिमित राख्नुभएतापनि त्यो समय आउनेछ जब तिनीहरूले विवादै गर्न नसक्ने अलौकिक वा चमत्कार कामहरू गर्नेछन्। ती कामहरू देखेर सबै जना चकित हुनेछन् (मर्कूस १३:२२; २ थेस्सोलिनिकी २:९; प्रकाश ७:१; १३:१३-१४)।




मरी सक्यो भनेर उच्चारण गरिएको व्यक्ति अकस्मात पूरा निको भएको, हाम्रो सामु हामीलाई नकिच्चन अचानक मोटर रोक्छ वा मरिसेका हाम्रा प्रिय आमा हाम्रै आँखा अगाडि कोमल भएर बोल्छन् भने ती अलौकिक काम गर्नेलाई हामी विश्वास गर्न पुग्दैनौं र? हामीहरूका आँखा, कान र अरू इन्द्रियहरूलाई हामीले विश्वासै गर्न नसकिने हुन्छ।



तर परमेश्वरको वचनमा विश्वास गर्नु मात्र हाम्रो सुरक्षा हो। येशूमा हामीले पूरै भरोसा राख्नुपर्दछ। सैतानले ल्याउने कुनै पनि अन्तिम परीक्षा वा छलको प्रतिरोध केवल परमेश्वरको वचन हाम्रो दिमागमा राखिरहनसक्यौं भने मात्र गर्न सक्छौं।

# तन्त्रमन्त्र अध्यात्मवादको लक्ष्य

"यी दुष्ट आत्माहरु दानवहरुका आत्मा थिए। तिनीहरुमा चमत्कार गर्ने शक्ति थियो। यी दुष्ट आत्माहरु संसारका राजाहरुकहाँ जान्छन्। तिनीहरु परमेश्वर सर्वशक्तिमानको महा-दिवसमा लडाँई गर्न राजाहरु बटुल्न जान्छन्।" प्रकाश १६:१४।

परमेश्वरसँगको युद्धमा जित्ने सैतानको नियत हो। उहाँका राज्यशासनलाई अपदस्थ उसले गर्न चाहन्छ र उहाँको सिंहाँसन हडप्न चाहन्छ (यशैया १४:१३-१४)। यो लक्ष्य पुरा गर्न सैतानले कुनै पनि रणनीति मानिसमाथि प्रयोग गर्नेछ। उसले राजनैतिक शक्तिलाई नै प्रयोग गरेर हामीमाथि प्रभुत्व जमाउँछ (प्रकाश १६:१२-१४)।



"मानिसलाई चरम धोखा दिने नाटकको पराकाष्टामा सैतान आफै येशू ख्रीष्ट जस्तो भएर आउनेछ" (द ग्रेट कन्त्रोभर्सी, अध्याय ३९, पृ. ६२५)।





त्यही क्षणमा येशूले यस कथाको अन्त्य गरिनेछ (प्रकाश १६:१५)। सैतान परास्त्र गरिएको शत्रु हो। ख्रीष्टले उसलाई हराउनुभएको थियो। उहाँको रगतमा झुण्डीरहनेहरूले उसलाई परास्त्र गरेका छन् (१ यूहन्ना २:१४; ४:३-४; प्रकाश ३:२१; ५:५; १२:११)।

जादु, तन्त्रमन्त्र गर्ने झाँक्री वा परमेश्वरसम्मत नभएका अध्यात्मवादका धोखाहरूबाट बच्ने केवल एउटै मात्र उपाय छ: तिनीहरूले परमेश्वरका दश आज्ञाहरूलाई पालन गर्ने र येशूको निष्ठामा रहनु। (प्रकाश १४:१२)।

"वर्तमान सत्यको बारेमा पूरा ज्ञान सन्तहरूमा हुनैपर्छ भनेर मैले देखेको थिएँ। त्यो ज्ञान बाइबलबाट पाउनु आवश्यक छ। मरेकाहरूको अवस्था कस्तो हुन्छ भनेर तिनीहरूले बुझ्नै पर्छ। सैतानको दुष्ट आत्माहरू तिनीहरूका सामु देखा पर्नेछन्। तिनीहरू ती सन्तहरूका प्रियजन र साथीहरू भनेर देखा पर्नेछन्। तिनीहरूले बाइबलसँग बाझिएका शिक्षाहरू सिकाउनेछन्। सन्तहरूको दिमागलाई भड्काउन तिनीहरूले भएभरको शक्ति प्रयोग गर्दै चकित पार्ने कामहरू गरेर देखाउनेछन्। ती दुष्ट आत्माहरूले गरेका कामहरू सही हुन् भनेर विश्वास देखाउन प्रयास गर्नेछन्। बाइबलको सत्यलाई आत्मसात गरेर परमेश्वरका जनहरू ती अलौकिक कामहरूको प्रतिरोध गर्नैपर्छ। मरेकाहरूलाई केही थाहा हुँदैन भनेर तिनीहरूले विश्वास गर्नैपर्छ। अलौकिक काम गरेर देखा पर्नेहरू सैतानका पतित दुष्ट स्वर्गदूतहरू हुन् भनेर विश्वास गर्नैपर्छ।"

एलेन जी. ह्वाइट, अर्ली राइटिङ्ग, पृ. २६२।)